# कोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लौकही, सुनसरी
१ नं.प्रदेश, नेपाल

कोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लौकही, सुनसरी १ नं. प्रदेश, नेपाल

प.स. २०७७/०७८
च.नं. २०४

मिति:२०७७/४/२१

विषय:सामाजिक सुरक्षा भत्ता नविकरण गर्ने सम्वन्धमा ।

श्री वडा कार्यालय सवै,
कोशी गाउँपालिका,लौकही,सुनसरी ।

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं. १६३, मिति २०७७/४/१६ गतेको पत्रमा उल्लेख भए अनुसार सा.सु. परिचयपत्र नविकरण र नयाँ निवेदन संकलन गर्ने भनि गृह मन्त्रालयको निर्णय भएको हुँदा सोही बमोजिम गर्नुहुन विभागको पत्र संलग्न राखी तहाँ वडा कार्यालयमा सूचना टाँस गरि प्रचार प्रसार गर्न/गराउन जानकारीको लागि अनुरोध छ ।

खगेन्द्र गिरी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत
खगेन्द्र गिरी

नेपाल सरकार

गृह मन्त्रालय

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरबार,

काठमाडौं नेपाल

टेलिफोनः ४२११५६१, ४२६४६८६
४२६२०५६, ४२००८९५

फ्याक्सः ४२०००१४

टोल फ्रि नं.: १६६००१९६६६६


पत्र संख्याः- २०७७/०७८

प्रास पत्र संख्या र मितिः-

च.नं.:- ०१६३

मितिः २०७७-०४-१६

विषय: सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्ने सम्वन्धमा ।

श्री स्थानीय तह (सबै)

प्रस्तुत विषयमा साविक बमोजिम सामाजिक सुरक्षा भत्ता खाइपाई आएका ६० वर्ष उमेर नपुगेका विधवा तथा अति अशक्त अपाङ्गता भएका लाभग्राहीहरूको सामाजिक सुरक्षा परिचयपत्र नविकरण र नयाँ निवेदन संकलन गर्ने कार्य सामाजिक सुरक्षा ऐन, २०७५ र नियमावली २०७६ जारी भएपछि स्थगीत रहेकोमा, हाल संशोधन प्रकृयामा रहेको सामजिक सुरक्षा ऐन, २०७५ संशोधन भएपछी सोही बमोजिम हुनेगरी, त्यस्ता लाभग्राहीहरूको छुट्टै अभिलेख राखि व्यवस्थापन सूचना प्रणालीमा नविकरण गर्ने भन्ने मिति २०७७/०४/१५ गृह मन्त्रालय (मा. मन्त्रीस्तर) को निर्णय भएको हुँदा सोही अनुसार त्यस्ता लाभग्राहीहरूको नविकरण तथा नयाँ निवेदन दर्ता गर्नु गराउनुहुन अनुरोध छ ।

(विष्णु लामिछाने)

निर्देशक